समुन्नत इलाम सम्पन्न इलामेली

# इलाम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद शाखा
## इलाम

कोशी प्रदेश,नेपाल

पत्र संख्या: ०८२/८३

चलानी नं: १७९२

मिति: २०८२/११/१५

श्री कक्षा ८ सञ्चालित सबै विद्यालयहरू,
इलाम नगरपालिका, इलाम ।

**विषय: आधारभूत शिक्षा (कक्षा ८ ) परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा ।**

प्रस्तुत विषयमा इलाम नगरपालिका नगर परीक्षा सञ्चालन तथा समन्वय समिति इलामको मिति २०८२/११/१५ गते बसेको बैठकको निर्णयानुसार २०८२ सालको **आधारभूत शिक्षा (कक्षा ८ ) परीक्षा** निम्न कार्यक्रम अनुसार सञ्चालन तथा व्यवस्थापन गरिने भएकोले सबै विद्यालयहरूले सोही अनुसार गर्नु गराउनु हुन अनुरोध छ ।

**तपसिल**

१. इलाम नगरपालिका अन्तर्गत सञ्चालित विद्यालयहरूको तोकिएका परीक्षा केन्द्रहरूमा मिति **२०८२/१२/०६ गते बिहान ठिक ११:०० बजेबाट** देहायबमोजिमको परीक्षा तालिका अनुसार परीक्षा सञ्चालन गर्ने ।

| मिति | बार | साधारण शिक्षा तर्फका विषय | संस्कृत शिक्षा तर्फका विषय |
|---|---|---|---|
| २०८२।१२।०६ | शुक्रबार | नेपाली | नेपाली |
| २०८२।१२।०८ | आइतबार | गणित | गणित |
| २०८२।१२।०९ | सोमबार | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा |
| २०८२।१२।१० | मंगलबार | अंग्रेजी | अंग्रेजी |
| २०८२।१२।११ | बुधबार | स्वास्थ्य तथा शारीरिक शिक्षा र सृजनात्मक कला | संस्कृत व्याकरण |
| २०८२।१२।१२ | बिहिबार | विज्ञान तथा प्रविधि | संस्कृत भाषा |
| २०८२।११।१५ | आइतबार | स्थानीय विषय | शुक्ल यजुर्वेद |

२. संस्थागत विद्यालयको हकमा प्रति विद्यार्थी रु २७५।- का दरले हुन आउने रकम **मिति** २०८२/११/२८ गते भित्रमा इलाम नगरपालिका नगर कार्यपालिकाको कार्यालय इलामको नाममा नेपाल बैंक लिमिटेड इलाम शाखामा रहेको खाता नं ०४००३०००००१००१००००००१ **राजश्व शीर्षक नं १४२२४** परीक्षा शुल्क शीर्षकमा एकमुष्ट रकम जम्मा गरी सक्कल भौचर शाखामा पेश गर्नुपर्नेछ ।

३. २०८२ सालको कक्षा ८ को वार्षिक परीक्षामा सहभागी हुन २०८२/१२/३० सम्ममा **१२ वर्ष** उमेर पूरा भएको (**२०७० साल चैत्र मसान्तसम्मको जन्ममिति भएका**) हुनुपर्नेछ ।

४. विद्यार्थीको व्यक्तिगत विवरणका सम्बन्धमा सम्बन्धित विद्यालय नै जिम्मेवार हुने भएकोले विद्यार्थीको वास्तविक विवरण (जन्मदर्ता/विद्यालयको अभिलेखमा भएको विवरण) भन्दा फरक नपर्ने गरी तपसिलको प्रक्रियाबमोजिम सच्याउनु पर्नेछ ।

**प्रक्रिया:** श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुरको IEMIS Portal को वेभसाइट **emis.cehrd.gov.np - User Name (९ अंकको विद्यालय कोड) – Password – Type the character - Log in – Student Record – Student Information - Year (2082) - Class (8) – Load – Action - Edit** ( विद्यार्थीको नाम, थर, जन्ममिति, बुबाआमाको नाम थर, ठेगाना आदि विवरणमा सच्याउनु परेमा र फोटो अपलोड गर्न बाँकी भए गर्ने) – **Update** गर्ने ।

५. **Manage Exam – Control Sheet – Year (2082) – Class (8) – Load** गरेपछि कक्षा ८ मा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूको नामनामेसी सहितको विवरण आउँछ । उक्त विवरणलाई Export गरी प्रिन्ट गरेर विवरण रूजु गर्ने ।

२०८२।११।१५

राधिका घिमिरे
शाखा अधिकृत
(अधिकृत स्तर आठौं)

CamScanner

समुन्नत इलाम सम्पन्न इलामेली

# इलाम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## शिक्षा, युवा तथा खेलकुद शाखा

## इलाम

Green Ilam

पत्र संख्या: ०८२/८३

चलानी नं: १७९२

कोशी प्रदेश,नेपाल

६. रूजु भइसकेपछि सबै विवरण ठीक भएको यकिन भएपश्चात् **Manage Exam – Application Form – Year (2082) – Class (8) – Load** गरेपछि कक्षा ८ मा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूको **Application Form Display** हुन्छ। निलो बटनमा रहेको Application Form मा **Click** गरी प्रत्येक विद्यार्थीको फारम रुजु गरेर प्रिन्ट गर्न सकिन्छ र हरियो बटनमा रहेको Print All मा **Click** गरी सबै विद्यार्थीको एकै पटकमा प्रिन्ट गर्न सकिन्छ।

७. प्रिन्ट भएको फारमको प्रति पटक पटक रुजु गरी विद्यार्थीको, अभिभावकको र प्रधानाध्यापकको हस्ताक्षर र विद्यालयको छाप लगाई जन्मदर्ताको प्रतिलिपि/जन्ममिति खुल्ने विद्यालयको अभिलेख सहित **मिति २०८२/११/२८** भित्र शाखामा पेश गर्ने।

८. त्यस पश्चात् **Manage Exam – Admit Card – Year (2082) – Class (8) – Load** गरेपछि कक्षा ८ मा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूको नामसहितको विवरण Display हुन्छ। १ नं मा रहेको विद्यार्थीको देब्रेपट्टि रहेको निलो बटनको Add Symbol No. मा **Click** गर्ने र आएको **Dialog Box** मा पहिलो सिम्बोल नं (२ अंकको साल, २ अंकको शाखाले उपलब्ध गराएको विद्यालय कोड र ३ अंकको पहिलो नं ००१) राख्ने र Assign मा **Click** गर्ने। जस्तै आदर्श माध्यमिक विद्यालयको लागि पहिलो विद्यार्थीको सिम्बोल नं 8201001 हुन्छ। (जहाँ 82 साल, 01 विद्यालय कोड र 001 पहिलो नं हो।) अब सबै विद्यार्थीको लागि सिम्बोल नं कायम गर्न **Symbol Number** सँगै रहेको निलो बटन Generate Symbol Number मा **Click** गर्ने। **याद राख्नुहोस् तपाईले सिम्बोल नं कायम गरिसके पछि कुनै पनि विद्यार्थीको विवरण सच्याउन पाउनु हुने छैन त्यसैले सिम्बोल नं कायम गर्नु अघि विद्यार्थीको विवरण पटक पटक रुजु गर्ने।**

९. निलो बटनमा रहेको Admit Card मा **Click** गरी प्रत्येक विद्यार्थीको विवरण रुजु गरेर प्रिन्ट गर्न सकिन्छ र हरियो बटनमा रहेको Print All मा **Click** गरी सबै विद्यार्थीको एकैपटकमा प्रिन्ट गर्न सकिन्छ।

१०. हरेक विद्यार्थीको २ प्रति प्रिन्ट गरी पटक पटक रुजु गरी विद्यार्थीको र प्रधानाध्यापकको हस्ताक्षर र विद्यालयको छाप लगाई **Application Form** सँगै **मिति** २०८२/११/२८ भित्र शाखामा पेश गर्ने।

११. त्यस पश्चात् **Manage Exam – Marks Entry (8) Final – Year (2082) – Load** गरेपछि आन्तरिक मूल्याङ्कनको अंक प्रविष्टिका लागि कक्षा ८ मा अध्यापन भएका विषयहरू र अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूको नामसहितको विवरण **Display** हुन्छ। **All** मा **Tick** गरी सबै विषयको पालैपालो अंक प्रविष्टि गर्न सकिन्छ। कुनै एक विषयको मात्र अंक प्रविष्टि गर्ने हो भने विषयगत रुपमा **Tick** गर्नुपर्छ। कुनै विद्यार्थी सबै विषयको परीक्षामा अनुपस्थित छ भने उसको नाम अगाडि रहेको ▭ मा भएको **Tick** हटाइदिने, यदि कुनै विषयमा मात्रै अनुपस्थित रहेछ भने **Symbol Number** सँगै रहेको **Is Absent** मा **Tick** गर्ने। अब क्रमशः विषयगत रुपमा अंक प्रविष्टि गरी **Save** गर्ने। विद्यालयले सबै विद्यार्थीको आन्तिरक मूल्याङ्कनको अंक **मिति** २०८२/१२/०३ गतेसम्ममा प्रविष्टि गरिसक्नु पर्नेछ।

१२. परीक्षा केन्द्र र परीक्षा सम्बन्धी थप जानकारी पछि प्रकाशन गरिनेछ।

२०८२।११।१५

राधिका घिमिरे
शाखा अधिकृत
(अधिकृत स्तर आठौं)

**बोधार्थ:**

श्री प्रमुख ज्यू, प्रमुखको सचिवालय, इलाम नगरपालिका, इलाम।

श्री उपप्रमुख ज्यू, उपप्रमुखको सचिवालय, इलाम नगरपालिका, इलाम।

श्री सबै वडा कार्यालयहरू, इलाम नगरपालिका, इलाम – जानकारीको लागि।

श्री सूचना तथा प्रविधि शाखा, इलाम नगरपालिका, इलाम – वेभसाइटमा अपलोड गरिदिनु हुन।

CamScanner